बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रदेश दुग्ध विकास बोर्ड
हेटौंडा, नेपाल ।

पत्र संख्याः २०७९/०८०
च.नं. ९३४

मितिः २०७९/११/१०

श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
काभ्रे/ललितपुर/दोलखा/धादिङ्ग/सिन्धुली/चितवन/मकवानपुर/नुवाकोट।

विषयः सूचना टाँस सम्वन्धमा।

प्रस्तुत विषयमा यस प्रदेश दुग्ध विकास बोर्डको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम"** को प्रस्ताव आव्हानको सूचना प्रकाशन भएको हुदाँ तहाँ कार्यालयमा यसै पत्र साथ संलग्न सूचना टाँस र सूचनामा उल्लेखित कागजातहरु पुरा भई आएमा प्रस्ताव दर्ता गरि सहयोग गरिदिनु हुन अनुरोध गर्दछु। साथै तहाँ जिल्लाका स्थानिय तहहरुमा सूचना पठाई आवश्यक प्रचार प्रसार गरिदिनु हुन अनुरोध गर्दछु।

डा. सजिता ज्ञवाली
निर्देशक

फोन नं. : ०५७-५९०५९१ वेबसाइट : pddb.bagamati.gov.np ईमेलः pddb.p3@gmail.com

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रदेश दुग्ध विकास बोर्ड
हेटौँडा, नेपाल

# प्रस्ताव आव्हानको सूचना

## प्रथम पटक प्रकाशित मितिः- २०७९/११/१०

प्रदेश दुग्ध विकास बोर्ड, बागमति प्रदेश, हेटौंडाको आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार " **साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९**" अनुसार साईलेज खरिद गर्न बागमती प्रदेशका सहकारी संस्था / कृषक समुह/ निजी फर्मले यो सुचना प्रकाशित भएको मितिले २१ दिन (२०७९/११/३०) भित्र प्रदेश दुग्ध विकास बोर्ड वा जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा देहाय बमोजिमको कागजात सहित आवेदन दिन हुन यो सुचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनोटका लागि समावेश हुन नसक्ने व्यहोरा जानकारी गराईन्छ ।

पेश गर्नुपर्ने कागजातहरूको विवरण:

- रू १०।- को हुलाक टिकट टाँस गरी अनुसुचि-५ बमोजिमको निवेदन,
- संस्था दर्ता तथा नविकरणको प्रमाणको प्रतिलिपि,
- प्यान दर्ताको प्रतिलिपि, गत आ.व. को कर चुक्ता प्रमाण पत्र,
- दुध उत्पादनको परिमाण खुल्ने प्रमाण पत्र,
- मौजुदा गाई/ भैसीको संख्या (फोटो सहित) ।

नोटः-थप जानकारीको लागी बोर्डको फोन नं. ०५७-५९०५९१, ०५७-५९०४९१ मा सम्पर्क राख्न र वेभसाईट pddb.bagamati.gov.np बाट साइलेज प्रोत्साहान तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यन्वयन कार्यविधि, २०७९ डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ।

डा. सजिता ज्ञवाली
नि. निर्देशक